रामप्रसादराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्या : २ मितिः २०८२/०९/११

भाग-२

रामप्रसादराई गाउँपालिका

## प्राविधिक धारमा कृषि स्नातक अध्ययन गर्ने गरिब तथा जेहन्दार विद्यार्थीहरुका लागी शुल्क व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०८२

प्रमुख प्रशासकीय अधिकृत

## प्राविधिक धारमा कृषि स्नातक अध्ययन गर्ने गरिब तथा जेहन्दार विद्यार्थीहरुका लागी शुल्क व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०८२

कार्यपालिकाबाट स्वीकृत मिति-२०८२/०९/११

### प्रस्तावनाः

लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप संबिधानको मौलिक हक अन्तर्गत रहेको तथा स्थानीय सरकारको अधिकारक्षेत्र भित्र रहेको शिक्षा सम्बन्धी हक कार्यान्वयनका सन्दर्भमा आर्थिक रुपले विपन्न गरिब तथा जेहन्दार विद्यार्थी लगानी गरी गाउँपालिकालाई शिक्षा क्षेत्रमा अब्बल बनाउदै लैजानका लागी गाउँपालिका अन्तर्गत पञ्चकन्या मा.वि. भुल्केमा प्राविधिक धार (कृषि) अध्ययन गरी देशका अन्य सरकारी वा निजि शैक्षिक संस्थाबाट कृषि स्नातक गर्न चाहने तोकिएको मापदण्ड पुरा गरेका विद्यार्थीहरुलाई मासिक शुल्क उपलब्ध गराउने सम्बन्धी कानुन बनाउन बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी रामप्रसादराई गाँउपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद- एक

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-** (क) यस कार्यविधि नाम "प्राविधिक धारमा कृषि स्नातक अध्ययन गर्ने गरिब तथा जेहन्दार बिंध्यार्थीहरुका लागी शुल्क व्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि २०८२" रहेको छ।

(ख) यो कार्यबिधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः- (क) यस कार्यविधिमा "गाउँपालिका" भन्नाले रामप्रसादराई गाउँपालिका लाई जनाउछ।

(ख) "अध्यक्ष" भन्नाले रामप्रसादराई गाउँपालिकाको अध्यक्ष लाई जनाउदछ।

ग) "उपाध्यक्ष" भन्नाले रामप्रसादराई गाउँपालिकाको उपाध्यक्ष लाई जनाउदछ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामप्रसादराई गाउँपालिकाको प्मुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

ङ) "कार्यपालिका" भन्नाले रामप्रसादराई गाउँपालिकाको कार्यपालिकालाई जनाउँदछ ।

च) "शिक्षा शाखा" भन्नाले रामप्रसादराई गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखालाई जनाउँदछ।

छ) "लाभग्राही" भन्नाले रामप्रसादराई गाउँपालिका भित्र स्थायी बसोबास भई पञ्चकन्या मा.वि. भुल्केबाट प्रविधिक धार (कृषि) कक्षा १२ मा A+ ग्रेड ३.९ भन्दा बढी GPA हासिल गरी कृषि स्नातक अध्ययन गर्न चाहने गरिब तथा जेहन्दार बिध्यार्थीहरुलाई जनाउँदछ ।

### परिच्छेद-दुई

### अध्ययन शुल्क बापतको रकम प्राप्त गर्ने प्रकृया

**३. निबेदन तथा कागजात पेश गर्नुपर्नेः** (क) यस कार्यविधि बमोजिम शुल्क प्राप्त गर्नको लागि अनुसूची २ बमोजिमको ढाँचामा अध्ययनरत शैक्षिक संस्थाबाट प्रमाणित पत्र र अनुसूची १ बमोजिमको ढाँचामा दफा ८ बमोजिमको प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

कागजात सहित शैक्षिक संस्थामा शुल्क बुझाउनु पर्ने दिन भन्दा १५ दिन अगावै गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।४. **लाभग्राहीले पाउने रकम तथा योगयता सम्बन्धी व्यवस्थाः** क) नेपाल सरकारले तोकेको सम्बन्धित विषय (कृषि स्नातक) का लागि शुल्क वा निजि शैक्षिक संस्थाले तोके बमोजिमको शुल्क सेमेस्टर अनुसार सोझै लाभग्राही अध्ययनरत शैक्षिक संस्थाको बैंक खातामा वा बिल भर्पाईको आधारमा लाभग्रहीको ब्रैंक खातामा भुक्तानी गरिनेछ ।

ख) गरीव तथा जेहन्दार विद्यार्थीहरु मध्ये वार्षिकरुपमा २ जना लाभग्राहीहरुलाई मात्र प्राप्ताङ्कको आधारमा यो सुविधा उपलब्ध गराईनेछ।

ग) यस्तो सुविधा प्राप्त गर्नका लागि प्राविधिक धार (बालीबिज्ञान) तर्फ प्रमाणपत्र तहमा न्यूनतम A+ ग्रेड (३.९GPA) प्राप्त गरेको हुनुपर्नेछ।

घ) लाभग्राहीले आफू वा एकाघर परिवारका सदस्य नेपाल सरकार, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्था वा संगठनमा रोजगारीमा नरहेको अनुसूची ३ बमोजिम स्व घोषणा गर्नुपर्नेछ ।

ङ) लाभग्राहीले अध्ययन पुरा गरेपछि यस गाँउ कार्यपालिकाको कार्यालय वा अन्तरगतको शिक्षण संस्थामा नेपाल सरकारले तोकेबमोजिमको न्युनतम पारिश्रमिकको ५० प्रतिशत पारिश्रमिकमा कम्तिमा १ बर्ष अनिवार्य रुपमा सेवा गर्नु पर्नेछ ।

च) लाभग्राहीले अध्ययनका लागी भर्ना भईसकेपछि बिचैमा पढाई छोडेमा वा अनिवार्य सेवा गर्न नचाहेमा खर्च भएको सम्पुर्ण रकम तोकिएको जरिवाना सहित फिर्ता गर्नुपर्नेछ ।

**५. अभिलेख व्यवस्थापन तथा प्रतिवेदनः** क) गाउँपालिका स्थित शिक्षा युवा तथा खेलकुद शाखाले यस कार्यविधि बमोजिम सुविधा पाउने लाभग्राहीहरुको अभिलेख तथा लाभग्राहिको प्रगति विवरण अध्यावधिक गरि राख्नुपर्नेछ ।

**६. अनुगमन तथा निरिक्षणः** क) यस सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण जुनसुकै बेला गर्न सक्नेछ । नियम विपरित सुविधा लिएको पाईएमा सम्बन्धित व्यक्ति तथा सिफारिस कर्ताबाट कानुन बमोजिम असुल उपर गरी कारवाही गरिनेछ ।

ख) दफा ४ को (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि दुई जना भन्दा बढिले A+ ग्रेड गरि अन्य योग्यता समेत पुरा गरेको पाइएमा दुईजना भन्दा बढी विद्यार्थीलाई यस कार्यविधि बमोजिमको सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन ।

**७. पारदर्शीता कायम गर्नुपर्नेः** स्थानीय तहले यस कार्यविधि बमोजिमका लाभग्राही र निजले प्राप्त गरेका सुविधा सम्बन्धी विवरण नियमित रुपमा सूचनापाटी तथा वेवसाईटमा सार्वजनिक गर्नुपर्नेछ ।

**८. सुविधा प्राप्त गर्नका लागि आवश्यक कागजातः** क) अनुसूची १ बमोजिमको निवेदन

ख) अनुसूची २ बमोजिम सम्बन्धित शैक्षिक संस्थाले प्रमाणित गरेको सिफारिस पत्र

ग) सम्बन्धित वडा कार्यालयको सक्कलै सिफारिस पत्र

घ) अनुसूची ३ बमोजिमको स्व घोषणा पत्र

ङ) लाभग्राहीको ना.प./ जन्मदर्ताको प्रमाणपत्र

च) विद्यार्थी परिचयपत्र

छ) सक्बन्धित शिक्षण संस्थाले जारी गरेको अध्ययन बिल

आज्ञाले

आङलाक्पा तामाङ

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(दफा ८ को क संग सम्बन्धित)

अध्ययन शुल्क पाउनका लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः............................

विषयः सेमेस्टर वापतको शुल्क रकम पाउँ भन्ने सम्बन्धमा ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

रामप्रसादराई गाउँपालिका, भोजपुर ।

उपरोक्त सम्बन्धमा रामप्रसादराई गाउँपालिका वडा नं. ..............., स्थायी ठेगाना भएको म .......................................... तहमा ......................................................................................शैक्षिक संस्थामा अध्ययनरत नियमित विद्यार्थी भएकोले सम्पूर्ण आवश्यक कागजात सहित .........सेमेस्टरको शुल्क रकम पाउँ भनि तपशिल बमोजिमको मेरो ब्यक्तिगत बिवरण / म अध्ययनरत शैक्षिक संस्थाको बैक खाताको बिवरणमा नियमानुसार रु.................... रकम भुक्तानी गरिदिनु हुन श्रीमान समक्ष यो निवेदन पेश गरेको छु ।

**तपशिल**

खातावालाको नामः

खाता नं.

बैकको नामः

स्थायी ठेगाना

क्याम्पसको नामः र संकाय

सम्पर्क नः

हाल अध्ययनरत तह/ सेमेस्टर

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-२

(दफा ८ को ख संग सम्बन्धित)

सम्बन्धित शैक्षिक संस्थाले प्रमाणित गर्ने ढाँचा

मितिः..................................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रामप्रसादराई गाउँपालिक, बैकुण्ठे, भोजपुर ।

विषयः प्रमाणित गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा रामप्रसादराई गाउँपालिकाको वडा नं. ......... गाउँ/टोल .................................. स्थायी ठेगाना भएको बिध्यार्थी श्री ........................यस क्याम्पसको.......... तह ............ सेमेस्टरको नियमित विद्यार्थी रहेको र निज अध्ययनरत तहको प्रति सेमेस्टरको शुल्क रु. ............ रहेको प्रमाणित गरिन्छ ।

प्रमाणित गर्ने

दस्तखतः

नामथरः

दर्जाः

सम्बन्धित शिक्षण संस्थाको छापः

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

(दफा ८ को ग संग सम्बन्धित)

स्व घोषणाको ढाँचा

मितिः........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रामप्रसादराई गाउँपालिक, बैकुण्ठे, भोजपुर ।

विषयः स्व घोषणा सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा रामप्रसादराई गाउँपालिकाको वडा नं. ......... गाउँ/टोल .................................. स्थायी ठेगाना भएको म ............................... क्याम्पसको ............................... तहको.........सेमेस्टरमा अध्ययनरत नियमित विद्यार्थी र मेरो एका परिवारको सदस्य नेपाल सरकार, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था वा संगठनमा रोजगारीमा नरहेको स्व घोषणा गर्दछु। पेश भएको व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरेमा प्रचलित कानून बमोजिम सहुला बुझाउँला ।

निवेदक

दस्तखतः

नामथरः

ठेगानाः

सम्पर्क नं.

अनुसूची-४

(दफा ५ संग सम्बन्धित)

शुल्क पाउने लाभग्राहीहरुको अभिलेखको ढाँचा

| आ.व.......... | | | | | | | रकम भुक्तानी गरेको सेमेस्टर | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लाभग्राही को नामथर | जन्म मिति | लिङ्ग | ठेगाना | संरक्षक | अन्य | प्रथम | दोस्रो | तेस्रो | चौथो | पाँचौ | छैठौं | सातौं | आठौं | कैफियत |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

रामप्रसादराई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैकुण्ठे, भोजपुर
कोशी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत